नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, साउन ५ गते २०५६ साल (अतिरिक्ताङ्क १५(ग+२)

भाग ३

सर्वोच्च अदालतको

सूचना १

सर्वोच्च अदालत (चौथो संशोधन) नियमावली, २०५६

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सर्वोच्च अदालत (चौथो संशोधन) नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालत नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ मा संशोधन: मूल नियमावली को नियम २ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

"(ग) "इजलास" भन्नाले न्यायाधीशहरुको पूर्ण इजलास, विशेष इजलास, संयुक्त इजलास वा एक न्यायाधीशको इजलास सम्झनुपर्छ ।"

(२) खण्ड (झ) मा रहेका "कानून व्यवसायी ऐन, २०२५" भन्ने शब्दहरुको सट्टा "नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन: मूल नियमावलीको नियम ३ को,-

(१). उपनियम (१) को खण्ड (ख) मा रहेको "संयुक्त इजलासले" भन्ने शब्दहरुपछि "वा प्रधान न्यायाधीशले" भन्ने शब्दहरु झिकिएका छन्:-

(२) उपनियम (२) मा रहेको "देखेमा पूर्ण इजलासले" भन्ने शब्दहरु पछि "वा प्रधान न्यायाधीशले नजीर वा प्रतिपादित सिद्धान्तमा एकरुपता नभएको आधार खुलाइ" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कूरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुंदाका बखत सो खण्डको व्यवस्था अन्तर्गत पूर्ण इजलासबाट हेरिने गरी विचाराधीन रहेको मुद्दा सोहीबमोजिम हेरिनेछ ।"

४. मूल नियमावलीको नियम ४ मा थप: मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) संयुक्त इजलासमा पेश भएको कुनै मुद्दामा संविधानको धारा ८८(१) अन्तर्गतको प्रश्न उठाइएको र त्यस्तो प्रश्न विशेष इजलासमा विचाराधीन कुनै मुद्दाको प्रश्नसंग सम्बन्धित भएको देखिएकोले त्यस्तो मुद्दा एकै साथ राखी निरुपण हुन आवश्यक छ भनी संयुक्त इजलासले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४००

विशेष इजलासबाट हेर्न आदेश दिएको मुद्दा ।"

(२) उपनियम (२क) मा रहेका "भिन्न भिन्न हुन गएमा विशेष इजलासले" भन्ने शब्दहरु पछि "वा प्रधान न्यायाधीशले सो को कारण खुलाई" भन्ने शब्दहरु थपिएका छन् ।

५. मूल नियमावलीको नियम ५ मा संशोधन: मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) न्याय प्रशासन ऐन, २०४८ को दफा १५ बमोजिम तल्लो अदालतबाट झिकाइएको मुद्दा ।"

(२) उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) सार्वजनिक हक वा सरोकारको कानूनी प्रश्न वा अन्य कुनै विषयवस्तुको जटिलता र महत्वको विचार गरी प्रधान न्यायाधीशबाट संयुक्त इजलासमा पेश गर्ने गरी तोकिएको मुद्दा बाहेक संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत परेको निवेदनपत्रको प्रारम्भिक सुनवाई एक न्यायाधीशको इजलासबाट गरिनेछ ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन: (१) मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) कुनै मुद्दाको निर्णय उपर पुनरावलोकन गरी पाउं भन्ने निवेदनमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (क) को प्रश्न उठाइएको रहेछ भने त्यस्तो निवेदन यथासंभव पहिले निर्णय गर्ने न्याधीशहरुकै इजलासमा र खण्ड (ख) को प्रश्न उठाइएको रहेछ भने पहिले निर्णय गर्ने न्यायाधीश सहित अरु न्यायाधीश समेत रहने गरी प्रधान न्यायाधीशले तोके बमोजिमको पूर्ण इजलासमा पेश गरिनेछ ।"

(२) उपनियम (२) मा रहेको "त्यसको सूचना दिई मुद्दा" भन्ने शब्दहरु पछि रहेका "यथासंभव त्यस्तो आदेश दिने न्यायाधीशहरुको" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को उपनियम (१) मा रहेको "प्रतिवेदन पेश गर्ने, कानून

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवसायी ऐन, २०२५ अन्तर्गत परीक्षा संचालन गर्ने तथा कानून व्यवसायीको रुपमा दर्ता हुनको लागि परेका निवेदन पत्रहरुको छानबिन गरी प्रमाणपत्र दिन" भन्ने शब्दहरुको सट्टा "प्रतिवेदन पेश गर्न" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल नियमावलीमा १३क., १३ख., १३ग., १३घ. र १३ङ. थप: मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क, १३ख, १३ग, १३घ र १३ङ थपिएका छन्:

"१३क. अदालत व्यवस्थापन समिति: (१) सर्वोच्च अदालत तथा मातहतका अदालतको मुद्दा मामिला, इजलास, न्यायाधीश तथा कर्मचारी, अभिलेख सूचना, भौतिक तथा वित्तीय स्रोत साधन जस्ता विषयहरुमा आवश्यक अध्ययन गरी व्यवस्थापन गर्न देहाय बमोजिमको एक अदालत व्यवस्थापन समिति रहनेछ:-

क	प्रधान न्यायाधीश वा निजले तोकेको एक जना न्यायाधीश...	अध्यक्ष
ख	प्रधान न्यायाधीशले तोकेको न्यायाधीश	सदस्य
ग	रजिष्ट्रार..	सदस्य
घ	सचिव, कानून तथा न्याय मन्त्रालय.........	सदस्य
ङ	महान्यायाधिवक्ताले तोकेको एकजना नायव महान्यायाधिवक्ता............	सदस्य
च	अध्यक्ष, नेपाल वार एशोसिएशन....	सदस्य
छ	प्रधानन्यायाधीशले तोकेको न्याय समूहको राजपत्राङ्कित तहको अधिकृत.....	सदस्य-"

१३ख. निर्माण समिति: (१) अदालत भित्र गर्नु पर्ने मर्मत संभार तथा निर्माण कार्यसंग सम्बन्धित नीति निर्धारण गर्न तथा निर्देशन दिनका लागि देहाय बमोजिमको एक निर्माण समिति रहनेछ:-

(क)	प्रधान न्यायाधीशले तोकेको एक जना न्यायाधीश..	अध्यक्ष
(ख)	प्रधान न्यायाधीशले तोकेको एक जना न्यायाधीश..	सदस्य
(ग)	रजिष्ट्रार	सदस्य
(घ)	शाखा प्रमुख, भौतिक प्रशासन शाखा	सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अदालतभित्र गर्नुपर्ने मर्मत तथा निर्माण सम्बन्धमा नीति तय गरी कार्यान्वयन गर्ने वा गराउने,

(ख) पुनरावेदन तथा जिल्ला अदालतमा गर्नुपर्ने मर्मत तथा निर्माण सम्बन्धमा सम्बन्धित अदालतबाट लागत अनुमान प्राप्त गरी तत्सम्बन्धमा आवश्यक रकम निकासा दिने ।"

१३ग. पुस्तकालय समितिः (१) अदालतको पुस्तकालयको संचालन गर्न देहाय बमोजिमको एक पुस्तकालय समिति रहनेछः-

(क) प्रधान न्यायाधीशले तोकेको एक जना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले तोकेको एक जना न्यायाधीश -सदस्य

(ग) रजिष्ट्रार -सदस्य

(घ) सह रजिष्ट्रार, अनुसन्धान योजना तथा प्रकाशन शाखा, सर्वोच्च अदालत -सदस्य

(ङ) अनुसन्धान अधिकृत, सर्वोच्च अदालत -सदस्य

(च) पुस्तकालय प्रमुख, सर्वोच्च अदालत -सचिव

(२) पुस्तकालयको लागि आवश्यक अध्ययन सामग्रीको छनौट, पुस्तकालय व्यवस्थापनको समसामयिक सुधार एवं पुस्तकालय विकास सम्बन्धी नीति निर्धारण गर्नु समितिको मुख्य काम हुनेछ ।

१३घ. सम्पादन समितिः (१) नेपाल कानून पत्रिकाको सम्पादन गर्न देहाय बमोजिमको सम्पादन समिति रहनेछः-

(क) प्रधान न्यायाधीशले तोकेको एकजना न्यायाधीश -अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) महान्यायाधिवक्ताले तोकेको एकजना नायव महान्यायाधिवक्ता -सदस्य
(ग) अध्यक्ष, नेपाल वार एशोशिएसन -सदस्य
(घ) सह रजिष्ट्रार, अनुसन्धान योजना तथा प्रकाशन शाखा, सर्वोच्च अदालत - सदस्य
(ङ) अध्यक्ष, सर्वोच्च अदालत वार एशोशिएसन -सदस्य
(च) सम्पादक, नेपाल कानून पत्रिका -सचिव

(२) सर्वोच्च अदालत बुलेटिनको सम्पादन गर्न देहाय बमोजिमको सम्पादन समिति रहनेछः-

(क) प्रधान न्यायाधीशले तोकेको एकजना न्यायाधीश - अध्यक्ष
(ख) सह रजिष्ट्रार, अनुसन्धान, योजना तथा प्रकाशन शाखा, सर्वोच्च अदालत - सदस्य
(ग) सम्पादक, नेपाल कानून पत्रिका - सचिव

(३) नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन (पाक्षिक) को प्रकाशन, मूल्य निर्धारण तथा बिक्री वितरण सम्बन्धी व्यवस्था मिलाउनु यस समितिको कार्य हुनेछ ।

(४) उपनियम (३) को प्रयोजनको लागि वोलाइएको बैठकमा सर्वोच्च अदालतका रजिष्ट्रारलाई आमन्त्रण गरिने छ ।

१२ङ. <u>अन्य समितिहरुः</u> पूर्ण बैठक (फूल कोर्ट) वा प्रधान न्यायाधीशले तोके बमोजिमको अध्यक्ष एवं सदस्यहरु रहने गरी आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्न सकिनेछ ।"

९. <u>मूल नियमावलीको नियम १५ मा संशोधनः</u> मूल नियमावलीको नियम १५ को,-

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०४

(१) उपनियम (१) को खण्ड (ग) मा रहेको "र म्याद तामेली सम्बन्धी कुराको निकासा दिने" भन्ने शब्दहरुको सट्टा "तामेल भई आएको म्याद रीतपूर्वक भएको वा वेरीतको भएको जांची वेरितको देखिएमा वदर गरी पुनः रीतपूर्वक तामेल गराउने" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (१) को खण्ड (ढ) पछि देहायका खण्ड (ण) थपिएको छ:-

"(ण) आवश्यकता अनुसार मातहत अदालतको कर्मचारी, जिन्सी तथा प्रशासकीय व्यवस्थाको निरीक्षण गरी व्यवस्थित गर्ने गराउने ।"

१०. <u>मूल नियमावलीको नियम १६ तथा नियम १८ मा संशोधन</u> : मूल नियमावलीको नियम १६ तथा नियम १८ मा रहेका "अतिरिक्त रजिष्ट्रार" भन्ने शब्दहरु झिकिएका छन् ।

११. <u>मूल नियमावलीको नियम १९ मा संशोधन:</u> मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छ:-

"१९. <u>माथिल्लो अधिकृतको अनुपस्थितिमा निजको काम मातहतका अन्य अधिकृतले गर्ने:</u> रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नु पर्ने काम सह-रजिष्ट्रारले, सह रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्ने काम उप रजिष्ट्रारले र उप-रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्ने काम शाखा प्रमुखले गर्न सक्नेछ ।"

१२. <u>मूल नियमावलीको नियम २० खारेज :</u> मूल नियमावलीको नियम २० खारेज गरिएको छ ।

१३. <u>मूल नियमावलीको नियम २२ पछि नियम २२क २२ख २२ग र २२घ थप :</u> मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२क २२ख २२ग र २२घ थपिएका छन्:-

"२२क. <u>इजलास सहायकको काम, कर्तव्य र अधिकार:</u> (१) इजलास सहायकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) इजलासमा पेश हुने मुद्दाहरुको मिसिल जिम्मा लिई इजलासमा मुद्दा सुनाउने,

(ख) सुनवाई भएका मुद्दाको फैसला वा आदेश तयार गर्ने कार्यमा न्यायाधीशलाई सहयोग गर्ने,

(ग) रजिष्ट्रारले अधिकार प्रत्यायोजन गरी तोकिदिएको कार्यहरु गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२ख. सम्पादकको काम, कर्तव्य र अधिकार: सम्पादकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नेपाल कानून पत्रिका, सर्वोच्च अदालत बुलेटिन (पाक्षिक) तथा सर्वोच्च अदालतबाट समय समयमा प्रकाशन हुने विभिन्न प्रकाशनहरुको सम्पादन गर्ने,

(ख) सम्बन्धित सम्पादन समितिबाट तोकिए बमोजिमका कार्यहरु गर्ने,

(ग) रजिष्ट्रारले अधिकार प्रत्यायोजन गरी तोकिदिएका कार्यहरु गर्ने ।

२२ग. अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार: अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सर्वोच्च अदालत तथा मातहत अदालतको न्यायिक एवं प्रशासनिक काम कारवाहीको अध्ययन तथा अनुसन्धान गरी निश्चित योजना तर्जुमा गर्न सहयोग गर्ने,

(ख) सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन तयार गर्ने तथा विभिन्न किसिमका अभिलेख राख्ने वा राख्न लगाउने सम्बन्धमा आवश्यक कामहरु गर्ने,

(ग) अदालत दिग्दर्शनको मस्यौदा तयार गर्ने र अद्यावधिक गराइ राख्ने,

(घ) रजिष्ट्रारले अधिकार प्रत्यायोजन गरी तोकिदिएको कार्यहरु गर्ने ।

२२घ. निजी सचिव एवं निजी सहायकको काम, कर्तव्य र अधिकार: निजी सचिव एवं निजी सहायकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सम्बन्धित निजी सचिवालयमा प्राप्त हुने मिसिल कागजातहरु बुझी पेश गर्ने तथा निजी सचिवालयमा नियमित रुपमा गर्नुपर्ने काम कारवाही गर्ने ,

४०६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सम्बन्धित पदाधिकारीले निर्देशन दिए वा तोके बमोजिमका कामहरु गर्ने,

(ग) रजिष्ट्रारले अधिकार प्रत्यायोजन गरी तोकि दिएका कामहरु गर्ने ।"

१४. मूल नियमावलीको नियम २३ खारेज: मूल नियमावलीको नियम २३ खारेज गरिएको छ ।

१५. मूल नियमावलीको नियम २४ मा संशोधन: मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छ:-

"२४. शाखा प्रमुख र अन्य कर्मचारीहरुको काम, कर्तव्य र अधिकार: (१) यस नियमावली बमोजिमका शाखाहरुमा रजिष्ट्रारले सर्वोच्च अदालतका कुनै अधिकृत कर्मचारीलाई शाखा प्रमुखको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको शाखा प्रमुखको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ:-

(क) आफूलाई काम गर्न तोकिएको शाखामा मातहत कर्मचारीबाट हुने काम कारवाहीको निरीक्षण, अनुगमन गरी प्रत्यक्ष नियन्त्रण गर्ने,

(ख) रजिष्ट्रारले अधिकार प्रत्यायोजन गरी तोकिएको काम गर्ने,

(३) आफूलाई काम गर्न खटाइएको सम्बन्धित शाखामा नियमित रुपमा गर्नु पर्ने कामका अतिरिक्त माथिल्लो अधिकारी वा शाखा प्रमुख वा रजिष्ट्रारबाट लिखित वा मौखिक रुपमा निर्देशित गरिए बमोजिमको कामहरु गर्नु अन्य कर्मचारीहरुको काम कर्तव्य हुनेछ ।

१६. मूल नियमावलीको नियम २४ पछि नियम २४क. थप: मूल नियमावलीको नियम २४ पछि देहायको २४क. थपिएको छ:-

"२४क. काम कारवाहीको उत्तरदायित्व र जवाफदेही: (१) यस नियमावली अन्तर्गत काम, कर्तव्य र अधिकार तोकिएका कर्मचारीहरु आफूले गरेको काम कारवाहीको लागि आफूलाई काम, कर्तव्य र अधिकार तोक्ने निकटस्थ माथिल्लो अधिकारी प्रति जवाफदेही हुनेछ र आफूले सम्पादन गरेको कामको पूर्ण उत्तरदायित्व निजमा रहनेछ ।

(२) यस नियम बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको आदेश वा निर्देशन पालना नगर्ने कर्मचारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपर त्यस्तो आदेश वा निर्देशन दिने अधिकारी वा शाखा प्रमुखले आवश्यक कारवाही गर्न सिफारिश गर्न सक्नेछ र निजले त्यस्तो आदेश वा निर्देशन पालना नगरेको देखिएमा प्रचलित कानून बमोजिम विभागीय कारवाही गरिनेछ ।"

१७ <u>मूल नियमावलीको नियम २५ मा संशोधन</u>: मूल नियमावलीको नियम २५ को उपनियम (३) मा रहेको "ठेगाना तथा" भन्ने शब्दहरु पछि "थाहा भए सम्म प्रत्यर्थीको घर/ ब्लक नं, कुनै कार्यालयमा कार्यरत रहेकोमा त्यस्तो कार्यालय वा संस्थाको नाम, ठेगाना, निजको पद तथा विदेश गएको भए सो स्थानको ठेगाना तथा" भन्ने शब्दहरु थपिएका छन् ।

१८. <u>मूल नियमावलीको नियम ३८ मा संशोधन</u>: मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छ:-

"३८. <u>पेशीको प्राथमिकता</u>: (१) बन्दी प्रत्यक्षीकरणको निवेदनपत्रलाई मुद्दाको पेशीमा पहिलो प्राथमिकता दिइनेछ ।

(२) लिखित जवाफ प्राप्त भएको मितिले साधारणतया सात दिनभित्र उपनियम (१) बमोजिमको निवेदन निर्णयार्थ इजलास समक्ष पेश गरिनेछ ।

(३) नियम ४० को उपनियम (१) अन्तर्गत परेका निवेदनहरुलाई बन्दी प्रत्यक्षीकरणको निवेदन पछि दोश्रो प्राथमिकता दिइनेछ ।"

१९. <u>मूल नियमावलीको नियम ४१ मा संशोधन</u>: मूल नियमावलीको नियम ४१ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांसको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) कुनै निवेदन अन्तरिम आदेशको लागि पेश भएको भएतापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासमाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेश गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न वाधा पर्ने छैन ।"

२०. <u>मूल नियमावलीको नियम ४२क मा थप</u>: मूल नियमावलीको नियम ४२क. को प्रतिबन्धात्मक वाक्यांश (ख) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश (ग) थपिएको छ:-

"(ग) अन्तरिम आदेशको लागि छलफल गर्न झिकाइएको अवस्थामा म्याद थमाउन पाइने छैन ।"

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८

२१. मूल नियमावलीमा नियम ४२ख, ४२ग, ४२घ र ४२ङ थप: मूल नियमावलीको नियम ४२क पछि देहायको नियम ४२ख, ४२ग, ४२घ र ४२ङ थपिएका छन्:-

"४२ख. तारेखमा नबसे पनि कारवाही हुने: नियम ४२क मा जुनसुकै कुरा लेखिएको भएता पनि संविधानको धारा ८८को उपधारा (२) अन्तर्गत सार्वजनिक हक र सरोकारको विषय समावेश भएको मुद्दामा निवेदक तारेखमा नबसे पनि कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

४२ग. सकार गर्ने सम्बन्धी व्यवस्था: आर्थिक हक वा दायित्व वहन गर्नुपर्ने रिट निवेदनमा प्रचलित कानून बमोजिम सकार गर्न सकिनेछ । सार्वजनिक हक, हित र सरोकारको विषय समावेश भएको कुनै मुद्दामा निवेदकले तारेख गुजारे वा निवेदकको मृत्यु भएमा सो तारेख गुज्रेको वा निवेदकको मृत्यु भएका मितिले पैंतीस दिन भित्र नेपाली नागरिकले मुद्दा सकार गर्न चाहेमा मुद्दा सकार गराइ कारवाही गराउन सकिनेछ ।"

४२घ. लगाउको निवेदन वा मुद्दामा तारेख गुज्रिएमा गर्ने: लगाउका निवेदन वा मुद्दाहरुमध्ये कुनै एउटा निवेदन वा मुद्दामा निवेदक वा पक्षले तारेख गुजारेकोमा त्यस्तो तारेख गुज्रेको निवेदन वा मुद्दामा समेत निर्णय गरिपाउं भनी पक्षले निवेदन दिएमा अदालतले त्यस्तो तारेख गुज्रेको मुद्दामा पनि इन्साफ गर्न सक्नेछ ।

४२ङ. म्याद तारेख गुजारे पनि कानूनी प्रश्न वा न्यायिक सिद्धान्तको निरुपण गर्नु पर्ने: संयुक्त इजलासमा कुनै कानूनी प्रश्न वा न्यायिक सिद्धान्तको विषयमा न्यायाधीशहरुबीच राय बाझिएको वा कुनै मुद्दासंग रुलिङ बाझिएको वा नियम ३ को उपनियम (१) को खण्ड (घ) वा नियम ३ को उपनियम (२) अन्तर्गत पूर्ण इजलासमा वा नियम ४ को उपनियम (२क) अन्तर्गत विशेष इजलासमा पेश भएको मुद्दामा निवेदकले म्याद तारेख गुजारे पनि त्यस्तो निवेदन तामेलीमा नराखी कानूनी प्रश्न वा न्यायिक सिद्धान्तसम्मको निरुपण गर्नु पर्नेछ ।"

२२. मूल नियमावलीको नियम ४९ मा थप: मूल नियमावलीको नियम ४९ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) जुन फैसला उपर पुनरावेदन दिने हो सो फैसला र शुरुको फैसलाको स्पष्ट बुझिने नक्कल पेश भएको ।

२३. <u>मूल नियमावलीको नियम ५० मा थप:</u> मूल नियमावलीको नियम ५० को उपनियम (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:-

"तर त्यस्तो रित नपुगेको देखिएमा बाटाको म्याद वाहेक तीन दिनभित्र सो रित पु-याउने शर्तमा धरौटी दर्ता गर्न सकिनेछ ।"

२४. <u>मूल नियमावलीको नियम ५३ मा संशोधन:</u> (१) मूल नियमावलीको नियम ५३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनिय (१) राखिएको छ:-

"(१) न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (क) को आधारमा पुनरावलोकन गरी पाउं भन्ने निवेदन पत्र अनुसूची-३ को ढांचामा र खण्ड (ख) को आधारमा पुनरावलोकन गरी पाउं भन्ने निवेदन पत्र अनुसूची (३क) को ढांचामा लेखिएको र त्यसमा देहायको कुराहरु खुलाइएको हुनु पर्दछ ।

(क) पुनरावलोकनको लागि निवेदन दिने निवेदकको नाम, थर र वतन,

(ख) प्रत्यर्थीको नाम, थर र वतन,

(ग) जुन फैसलाको पुनरावलोकनको लागि निवेदन दिएको हो सो फैसला गर्ने इजलास र न्यायाधीशहरुको नाम,

(घ) पुनरावेदनपत्रका सम्बन्धमा नियम ४९ मा उल्लेख भएका अन्य कुराहरु ,

<u>स्पष्टिकरण</u> यो नियम र नियम ५५ को प्रयोजनको लागि फैसला भन्नाले अन्तिम आदेश समेतलाई जनाउनेछ ।

(ङ) न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को खण्ड (क) र (ख) मध्ये कुन अवस्था विद्यमान भएकोले निवेदन दिएको हो सो कुरा खुलाई त्यसको प्रमाण समेत साथै राख्नु पर्ने छ ।

(च) कुनै नजिरको उल्लंघन भएको भए सो नजिरको स्पष्ट रुपले उल्लेख गरी सो नजिरको प्रतिलिपि साथै पेश गर्नु पर्नेछ ।"

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ:-

"(५) उपनियम ४ बमोजिम इजलासले बहस गर्ने आदेश दिंदा न्याय प्रशासन ऐन, २०४८ दफा ११ को उपदफा (१) को खण्ड (क) र (ख) मध्ये जुन खण्ड

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
४१०

अन्तर्गत निवेदन परेको हो सो विषयमा बहस गर्न अनुमति दिएको अवस्थामा त्यसै विषयमा सिमित रही बहस गर्नु पर्नेछ ।"

२५. मूल नियमावलीको नियम ५४ मा संशोधन: (१) मूल नियमावलीको नियम ५४ को,-

(१) उपनियम (२) मा रहेको "सो फैसलाको" भन्ने शब्दहरुको सट्टा "स्पष्ट बुझिने सो फैसला र शुरुको फैसलाको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) उपनियम (१) अन्तर्गत दिएको निवेदनपत्रमा निवेदकले चाहेमा अदालतको स्वीकृति लिइ तारेखमा नरहन सक्ने छ । यसरी निवेदक तारेखमा नरहेको भएपनि सो निवेदनमा कानून बमोजिम कारवाही हुनेछ ।"

२६. मूल नियमावलीको नियम ५७ मा संशोधन : मूल नियमावलीको नियम ५७ को उप-नियम (१) मा रहेको "एक रुपैयांको" भन्ने शब्दहरुको सट्टा "दश रुपैयांको" भन्ने शब्दहरु राखिएका छन् ।

२७. मूल नियमावलीको नियम ५८ मा संशोधन: मूल नियमावलीको नियम ५८ मा रहेको "रु. १।-" भन्ने शब्दहरुको सट्टा "दश रुपैया" भन्ने शब्दहरु राखिएका छन् ।

२८. मूल नियमावलीको नियम ६३ मा संशोधन: मूल नियमावलीको नियम ६३ को उपनियम (३) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ ।

(ग१). "महिला, वालवालिका, वृद्ध, अशक्त एवं असहाय व्यक्ति वादी भएको मुद्दा",

२९. मूल नियमावलीको नियम ६५ मा थप: (१)मूल नियमावलीको नियम ६५ को (१) उपनियम (२) पछि देहायको उपनियम (३) र (४) थपिएको छ:-

"(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राथमिकता प्राप्त मुद्दा, एकै पक्षको एक भन्दा बढी कानून व्यवसायी रहेको मुद्दा, हेर्दा हेर्दैको मुद्दा, दुई पटक स्थगित भइ सकेको मुद्दा र प्रचलित कानून बमोजिम मुद्दा फैसला गर्नु पर्ने समयावधि नाघेका मुद्दाको सुनुवाई स्थगित हुन सक्ने छैन ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु वाहिरको परिस्थिति परी मुद्दा स्थगित गर्नु पर्ने भएमा मुद्दाको पक्षले मुद्दा स्थगित गरी पाउं भन्ने दर्खास्त मुद्दा पेश भएको दिनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४९९

इजलास बस्नु भन्दा अगाडि नै दर्ता गरी मिसिल सामेल राखिएको हुनु पर्नेछ ।"

३०. मूल नियमावलीमा नियम ६५ पछि नियम ६५क. थप: मूल नियमावलीको नियम ६५ पछि देहायको नियम ६५क. थपिएको छ ।

"६५क. मिलापत्रको व्यवस्था: (१) दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश भएका मुद्दामा सुनवाई हुनु अगावै मिलापत्र गर्ने समय पाउं भनी दुवै पक्षले संयुक्त निवेदन दिएमा वा मुद्दाको सुनुवाई शुरु भई बहस, छलफल भै सकेपछि पनि मिलापत्र हुन सक्ने सम्भावना छ भन्ने मुद्दा हेर्ने न्यायाधीशलाई लागेमा मिलापत्र गर्न अर्को तारिख तोक्ने गरी आदेश गर्न सक्नेछ ।

(२) मिलापत्र गर्न तोकिएको तारेखका दिन मुद्दाका पक्षहरु, निजहरुका कानून व्यवसायी भए कानून व्यवसायी र मुद्दाका पक्षहरुले आफूले पत्याएको व्यक्ति ल्याए निजलाई समेत राखी यथासम्भव मिलापत्र गर्न तारेख तोक्ने आदेश गर्ने न्यायाधीशले छलफल गराई दुवै पक्ष सहमत भए मिलापत्र गराई दिनुपर्छ । सहमत हुन नसके सोही व्यहोराको आदेश गरी अर्को पेशी तोकी कानून बमोजिम फैसला गरीदिनु पर्छ ।"

३१. मूल नियमावलीको नियम ६६ मा संशोधन: मूल नियमावलीको नियम ६६ को सट्टा देहायको नियम ६६ राखिएको छ:-

"६६. बहस: (१) मुद्दाको बहस सुनवाईको प्रारम्भमा इजलासले त्यस मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरुमा सिमित रही बहस गर्न दुवै पक्षका कानून व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।

(२) मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलासले बहसको समय तोक्न सक्नेछ । यसरी तोकिएकोमा तोकिएको समयभित्र सिमित भई कानून व्यवसायीले बहस गर्नुपर्नेछ ।

(३) सुनवाईको लागि पेशी तोकिएको मुद्दामा पक्षको कानून व्यवसायीले बहस नोट पेशगर्न चाहेमा इजलासले बहसनोट पेशगर्ने समय तोकी दिनु पर्नेछ र कानून व्यवसायीले पनि सोही समयभित्र बहसनोट पेश गर्नुपर्नेछ ।

(४) कुनै मुद्दामा एकभन्दा बढी कानून व्यवसायीहरुको वकालतनामा पेश भएकोमा इजलासले कानून व्यवसायीहरु मध्येबाट एक जना कानून व्यवसायीले प्रमुख कानून व्यवसायीको रुपमा बहस गर्ने तथा अन्य कानून व्यवसायीहरुले अलग अलग तथ्यगत र कानूनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न निर्देशन दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम इजलासले समय तोकेकोमा वा निर्देशन दिएमा सो अनुसार गर्नु सम्बन्धित कानून व्यवसायीको कर्तव्य हुनेछ ।

३२. मूल नियमावलीमा नियम ६८क. थप: मूल नियमावलीको नियम ६८ पछि देहायको नियम ६८क. थपिएको छ:-

"६८क. फैसला तयार गर्ने: (१) इजलासमा मुद्दा हेर्ने न्यायाधीश वा न्यायाधीशहरुको राय कायम भै संक्षिप्त निर्णय वा ठहर सुनाइ सकेपछि सम्बन्धित न्यायाधीशले सो राय ठहर वा फैसला सुनाएको मितिले सामान्यत: सात दिन भित्र त्यस्तो निर्णय वा ठहर वा राय बमोजिमको पूरा फैसला तयार गर्नु पर्नेछ ।

तर सार्वजनिक हित वा सरोकारको विषय समावेश भएको वा नयां सिद्धान्त वा नजीरको स्थापना हुने गरी निर्णय भएको मुद्दामा पन्ध्र दिनसम्ममा तयार गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम फैसला वा आदेश तयार गर्नको लागि प्रधान न्यायाधीशले कुनै दिन वा दिनको कुनै समय तोक्न सक्नेछ ।"

३३. मूल नियमावलीको नियम ७० मा संशोधन : मूल नियमावलीको नियम ७० मा रहेको"इजलास सहायकले"भन्ने शब्दको सट्टा "सम्बन्धित शाखा प्रमुखले" भने शब्दहरु राखिएका छन् ।

३४. मूल नियमावलीको नियम ७५ मा संशोधन : मूल नियमावलीको नियम ७५ मा रहेको "एक रुपैया" भन्ने शब्दहरुको सट्टा "दश रुपैया" भन्ने शब्द राखिएका छन् ।

३५. मूल नियमावलीको नियम ७८ मा संशोधन: मूल नियमावलीको नियम ७८ को "सरकारी कामको लागि सरकारी अधिकृतले सार्ने कुनैपनि लिखतको नक्कल दस्तुर लिइने छैन" भन्ने शब्दहरुको सट्टा "सरकारी कार्यालयवाट माग भै आएका नक्कलहरु दिदां निवेदन दस्तुर वाहेक कानून बमोजिमको नक्कल दस्तुर लाग्नेछ । "भन्ने शब्दहरु राखिएका छन् ।

३६. मूल नियमावलीको नियम ९० मा संशोधन: मूल नियमावलीको नियम ९० को "उपस्थित नभएको वखत" भन्ने शब्दहरु पछि रहेका "प्रधान न्यायधीशको स्वीकृति लिई"भन्ने शब्दहरु झिकिएका छन् ।

३७. मूल नियमावलीको नियम ९२ मा संशोधन: मूल नियमावलीको नियम ९२ मां रहेको "अतिरिक्त रजिष्ट्रार" भन्ने शब्दहरु झिकिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४१२

३८. मूल नियमावलीको नियम १०३ मा संशोधन: मूल नियमावलीको नियम १०३ मा रहेको "विभागीय" भन्ने शब्दको सट्टा "शाखा" भन्ने शब्द राखिएको छ ।

३९. मूल नियमावलीको नियम १०४ मा संशोधन: (१) मूल नियमावलीको नियम १०४ को उपनियम (१) मा रहेको "अतिरिक्त रजिष्ट्रार" भन्ने शब्दहरु झिकिएको छ ।

४० मूल नियमावलीमा नियम १०४क, १०४ख, १०४ग, १०४घ र १०४ङ थप: मूल नियमावलीको नियम १०४ पछि देहायको नियम १०४क १०४ख १०४ग १०४घ र १०४ङ थपिएका छन्:-

"१०४क. मिसिलको आन्तरिक निरीक्षण: वर्षमा कम्तीमा दुई पटक अनुसूची ११ को ढांचामा मिसिलको आन्तरिक निरीक्षण गर्नु पर्नेछ ।

१०४ख. म्याद तामेलीको अभिलेख: (१) अदालतबाट जारी गरिएको म्यादहरुको अभिलेख तामेलदार पिच्छे फरक फरक हुने गरी अनुसूची १२ को ढांचामा राखि आवश्यक कारवाही गर्नुपर्ने छ ।

(२) तामेली गर्न पठाइएको म्याद तामेलदारले बुझिलिएको मितिले बाटाको म्याद बाहेक पन्ध्र दिनभित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उक्त नियम (२) बमोजिमको अवधिभित्र तामेल गर्न नसकेको मनासिव कारण देखाउन नसकेमा त्यस्तो तामेल्दार उपर विभागीय सजाय गरिनेछ ।

१०४ग. प्रकाशन सम्बन्धी व्यवस्था: नेपाल कानून पत्रिका, सर्वोच्च अदालत बुलेटिन वा अदालतबाट हुने अन्य प्रकाशनहरु अदालतबाट अनुमति लिई तोकिए बमोजिमको शर्तमा निजी क्षेत्रको कुनै व्यक्ति वा संस्थाले प्रकाशन गर्न सक्नेछ ।

१०४घ. प्रवक्ता तोक्न सकिने: (१) अदालती काम कारवाहीसंग सम्बन्धित जानकारी तथा सूचना प्रवाह गर्ने अदालतले कुनै अधिकृतलाई प्रवक्ताको रुपमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको प्रवक्ताले नियम ११५ को खण्ड (ढ) बमोजिमको सूचना शाखाको प्रमुखको रुपमा अदालत तथा मातहत अदालतको काम कारवाही सम्बन्धी सूचना उपलव्ध गराउने सम्बन्धमा आवश्यक काम गर्नेछ ।

१०४ङ. अदालतको अलग्गै पात्रो (क्यालेण्डर) हुन सक्ने: अदालतको काम कारवाहीलाई व्यवस्थित गर्न अदालतमा हुने विदा तथा अदालतको कार्य लगायतको विषयहरु निर्धारण गरी अदालतले अलग्गै पात्रो (क्यालेण्डर) बनाउन सक्नेछ ।"

४१४ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. मुल नियमावलीको नियम १०६ मा संशोधन: मूल नियमावलीको नियम १०६ को,-

(१) नियम १०६ को पहिलो हरफमा रहेका "दफा ९" भन्ने शब्दहरुको सट्टा "दफा १०" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (क) को "थर" भन्ने शब्द पछिका सवै शब्दहरु हटाइएका छन् ।

(३) खण्ड (ख) मा रहेका "अधिकृतको नामावली" भन्ने शब्दहरु पछिरहेको "योग्यता" भन्ने शब्द र "पद" भन्ने शब्दहरु पछि रहेका सवै शब्दहरु भिकिएका छन् ।

(४) खण्ड (ङ) मा रहेको "न्यायाधीशहरुको नाम" भन्ने शब्दहरु पछि रहेका सबै शब्दहरु भिकिएका छन् ।

४२. मूल नियमावलीको नियम १११ मा संशोधन : मूल नियमावली को नियम १११ को उपनियम (२) मा रहेको " पूर्वार्ध एघार वजेदेखि" भन्ने शब्दहरुको सट्टा "कार्यालय समय शुरु भएको आधा घण्टा पछि" भन्ने शब्दहरु राखिएका छन् ।

४३. मूल नियमावलीको नियम ११३ मा थप: मूल नियमावलीको नियम ११३ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) कुनै कर्मचारीले आफूले पालन गर्नु पर्ने कर्तव्य पालन नगरेवाट मुद्दा मामिलामा छिटो छरितो न्याय सम्पादनमा प्रतिकूल असर परेको देखिन आएमा त्यस्तो कर्मचारी उपर विभागीय कारवाहीका लागि इजलासले आदेश दिन सक्ने छ र त्यस्तो आदेश भएमा त्यसको पालना गर्नु अख्तियारवालाको कर्तव्य हुनेछ ।"

४४. मूल नियमावलीको नियम ११५ मा संशोधन: मूल नियमावलीको नियम ११५ को (क) देखि (ञ) सम्मका खण्डहरुको सट्टा देहायका खण्डहरु राखिएका छन् :

(क) प्रधान न्यायाधीशको निजी सचिवालय
(ख) रीट शाखा
(ग) पुनरावेदन शाखा
(घ) अभिलेख शाखा
(ङ) निवेदन प्रतिवेदन शाखा
(च) प्रशासन शाखा
(छ) प्रकाशन शाखा
(ज) नक्कल शाखा
(झ) पुस्तकालय शाखा
(ञ) आर्थिक प्रशासन शाखा
(ट) रेखा तथा लिखत परीक्षण शाखा
(ठ) अनुसन्धान तथा योजना शाखा
(ड) भौतिक प्रशासन शाखा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) सूचना शाखा

४५. मूल नियमावलीको अनुसूचीहरुमा संशोधन: मूल नियमावलीको,-

(१) अनुसूची-३ को सट्टा यसैसाथ संलग्न अनुसूची-३ राखिएको छ ।

(२) अनुसूची ३ पछि यसैसाथ संलग्न अनुसूची -३क थपिएको छ ।

(३) अनुसूची-८ को सट्टा यसै साथ संलग्न अनुसूची-८ राखिएको छ ।

(४) अनुसूची-९ मा रहेको "तहविलदार" भन्ने शब्दको सट्टा "लेखापाल" भन्ने शब्द राखिएको छ ।

(५) अनुसूची १० पछि यसैसाथ संलग्न अनुसूची ११ र १२ थपिएका छन् ।

४६. मूल नियमावलीको ठाउं ठाउंमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ:-

(क) "सहायक रजिष्ट्रार" को सट्टा "शाखा प्रमुख" ।

(ख) "विभाग" को सट्टा "शाखा" ।

(ग) "सुपरिटेण्डेण्ट" को सट्टा "शाखा प्रमूख" ।

(घ) "नगदी शाखा" को सट्टा "आर्थिक प्रशासन शाखा" ।

(ङ) "लगत नगदी शाखा" को सट्टा "आर्थिक प्रशासन शाखा" ।

(च) "नगदी लगत शाखा" को सट्टा "आर्थिक प्रशासन शाखा" ।

(छ) "मिसिल विभाग" को सट्टा "अभिलेख शाखा" ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९६

अनुसूची-३

(नियम ५३ संग सम्बन्धित)

श्री सर्वोच्च अदालतमा चढाएको पुनरावलोकनको

निवेदन-पत्र

विषय: मुद्दामा तात्विक असर पर्ने किसिमको प्रमाण मुद्दा किनारा भएपछि मात्र जानकारीमा आएकोले मुद्दा पुनरावलोकन गरी हेरी पाऊं ।

....निवेदक

विरुद्ध

....विपक्षी

मुद्दा:...............................

म/हामी निवेदक निम्न लिखित निंवेदन गर्दछु/छौं:-

(१) उल्लेखित मुद्दामा ठहर गर्नुपर्ने प्रश्न निम्न वमोजिम रहेका थिए:-

-

-

(२) उक्त मुद्दामा उल्लेखित ठहर गर्नु पर्ने प्रश्नको निरुपणमा निम्न प्रमाणलाई आधार लिइएको देखिन्छ ।

-

-

(३) उक्त मुद्दामा निर्णय पछि निम्न प्रमाण फेला परेकोले निर्णयमा निम्नानुसार तात्विक भिन्नता आउने देखिन्छ ।

-

-

(४) यस निवेदनमा उल्लेखित नयां प्रमाण तथा नजिरको प्रतिलिपि निम्नानुसार रहेका छन्:

-

-

(५) उल्लेखित आधारमा सर्वोच्च अदालतको मिति.................. को निर्णय पुनरावलोकन गरि पाऊं । यसमा निवेदनपत्रको व्यहोरा ठीक सांचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

निवेदक

फलाना ठाउं बस्ने फलाना

(एक भन्दा बढी निवेदकहरु भएमा १,२,३ नं दिई सबैको पुरा नाम, थर, वतन र उमेर लेखि लेखपढ गर्न जान्नेले हस्ताक्षेरको सही र अरुले ल्याप्चे सहि गर्नु पर्नेछ ।)

ईति सम्वत २०.... साल...............महिना.......गते रोज.... शुभम्..............

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिमा मात्र लागु हुनेछ।

अनुसूची-३क
(नियम ५३ संग सम्बन्धित)
श्री सर्वोच्च अदालतमा चढाएको पुनरावलोकनको
निवेदन-पत्र

विषय: सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्त प्रतिकूल निर्णय भएकोले पुनरावलोकन गरी पाऊं ।

....निवेदक

विरुद्ध

....विपक्षी

मुद्दा:..................................

म/हामी निवेदक निम्न लिखित निवेदन गर्दछु/छौं:

१. उल्लेखित मुद्दामा ठहर गर्नु पर्ने प्रश्न निम्न वमोजिम रहेका थिए ।
 -
 -

२. उक्त मुद्दामा उल्लेखित ठहर गर्नु पर्ने प्रश्नको निरुपणमा निम्न प्रमाणहरुलाई आधार लिइएको देखिन्छ ।
 -
 -

३. सर्वोच्च अदालतले यस्तै ठहर गर्नु पर्ने प्रश्न समावेश भएको निम्न मुद्दामा निम्न सिद्धान्त प्रतिपादन गरेको देखिन्छ ।
 -......................वि................,ने.का.प..................साल
 पृष्ठ............ नि.नं........(अप्रकाशित भए मुद्दाको नम्बर निर्णय मिति लेख्नु पर्ने)
 -.................वि................,ने.का.प.........साल......पृष्ठ, नि.नं........

४. उपरोक्त बमोजिम यस मुद्दाको निर्णय सर्वोच्च अदालतद्वारा नै प्रतिपादित पूर्व नजीरसंग बाझिइ न्याय प्रशासन ऐन, २०४८ को दफा ११ उपदफा (१) को खण्ड (ख) को अवस्था विद्यमान भएकोले प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेरी पाऊं । यस निवेदन पत्रको व्यहोरा ठीक सांचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाऊंला ।

निवेदक

फलाना ठाउं बस्ने फलाना
(एकभन्दा बढी निवेदकहरु भएमा १,२,३ नं दिई सबैको पूरा नाम, थर, वतन र उमेर लेखी लेखपढ गर्न जान्नेले हस्ताक्षरको सही अरुले ल्याप्चे सही गर्नु पर्नेछ)

ईति सम्वत् २०... साल......... महिना......... गतेरोज........शुभम्.....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४१८

अनुसूची-८
(नियम ७५ संग सम्बन्धित)
सर्वोच्च अदालतमा चढाएको
नक्कलको निवेदन पत्र

सम्वत्............सालको...............नं..................

मुद्दा...........

....निवेदक
पुनरावेदक/वादी/प्रत्यर्थी/प्रतिवादी

विरुद्ध

....पुनरावेदक/वादी/प्रत्यर्थी/प्रतिवादी

म निवेदक निम्न बमोजिमको लिखत / लिखतहरुको नक्कल अड्डाकै / आफ्नै तर्फबाट सारी लिन पांऊ भनी नियम बमोजिमको दस्तुर साथै राखी निवेदन गर्दछु ।

नक्कल माग गरेको लिखत / लिखतहरु

....
....
....

यसमा लेखिएको व्यहोरा ठीक छ झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाऊंला ।

द...............
निवेदक

इति...सम्वत्

(अदालतको प्रयोजनका लागि)

निवेदन दर्ता नं. निवेदन दस्तुर (साधारण / जरुरी) :रु...
दर्ता मिति : नक्कल दस्तुर प्रति पाना
रसिद नं. रु....... का दरले पाना... को जम्मा रु..

जम्मा दस्तुर रु.............

फांटवालाको दस्तखत:

द..............................

प्रमाणित गर्ने अधिकृत

माग बमोजिमको नक्कल बुझिलिए
द ....
निवेदक "

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

495

अनुसूची ११
(नियम १०४(क) संग सम्वन्धित)
मिसिलको आन्तरिक निरीक्षण फाराम
सर्वोच्च अदालत

सम्वत २०.... सालको द.नं......

निवेदक /वादी:.....

विरुद्ध

प्रत्यर्थी /प्रतिवादी:....

मुद्दा:....

क.सं	निरीक्षण कर्ताको नाम	निरीक्षण गरेको मिति	मिसिलमा त्रुटि भए नभएको संक्षिप्त व्यहोराको टिप्पणी	दिइएको निर्देशन	कैफियत
१ सुपरिवेक्षक					
२ पुनराव लोकन कर्ता					
३. निरिक्षक					

द्रष्टव्य:

(क) सुपरिवेक्षक भन्नाले शाखा प्रमुखलाई जनाउने छ ।

(ख) पुनरावलोकनकर्ता भन्नाले रजिष्ट्रार वा निजबाट तोकिएको पदाधिकारीलाई जनाउनेछ ।

(ग) निरीक्षक भन्नाले निरीक्षण गर्न खटिएको न्यायाधीशलाई जनाउनेछ ।

द्रष्टव्य:२ निरीक्षणकर्ताले सुपरिवेक्षण, पुनरावलोकन वा निरीक्षणको क्रममा ध्यान दिनु पर्ने मुख्य पक्षहरु:-

क. ऐन नियमले निर्दिष्ट गरे वमोजिमको काम कारवाही समयमा सम्पन्न भएको छ,छैन ।

ख. आदेश अनुसारको काम कारवाही समयमा भएको छ, छैन ।

ग. म्याद तामेली वा म्याद तारेखहरु मिलेको छ, छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
820

घ. अंग पुगी सकेपछि मुद्दा पेशी चढाइएको छ, छैन ।

ङ मिसिलमा हुनु पर्ने कागजातहरु अध्यावधिक छ,छैन ।

च. एउटै त्रुटी पटक पटक दोहोरिएको छ,छैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१२
(नियम १०४ (ख) संग सम्बन्धित)
म्याद तामेली सम्बन्धी कार्यको अभिलेख
फाराम
तामेलदारः श्री ....

क.सं	मुद्दाको द.नं र दायरी मिति	वादी प्रतिवादी को नाम थर वतन	मुद्दाको नाम	फांट वाला	म्याद तामेल गर्नु पर्ने व्यक्ति को नाम थर वतन	म्याद जारि भएको मिति	तामेल्दार ले म्याद बुझेको मिति र दस्तखत	तामेल गरेको मिति	फांटवालाले बुझेको मिति र दस्तखत	म्याद वेरित भए कारण र कैफियत	रित वेरित प्रमाणित गर्नेको दस्तखत र मिति	पुनः तामेल गर्न पठाएको मा सोको विवरण	कैफियत

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२२

सूचना २

पुनरावेदन अदालत (चौथो संशोधन) नियमावली, २०५६

पुनरावेदन अदालत नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,न्याय प्रशासन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "पुनरावेदन अदालत (चौथो संशोधन) नियमावली,२०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पुनरावेदन अदालत नियमावली २०४८(यस पछि "मूल नियमावली" भनिएको) को नियम २ मा संशोधन: मूल नियमावलीको नियम २को खण्ड (छ) मा रहेको "कानून व्यवसायी ऐन, २०२५" भन्ने शब्दहरुको सट्टा "कानून व्यवसायी परिषद ऐन, २०५०" भन्ने शव्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को उपनियम (१) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

"(ग) मुद्दाका पक्ष र साक्षीहरुलाई समाव्हान, इतलायनामा, म्याद वा सूचना जारी गर्ने, तामेल भई आएको म्याद वा सूचना रितपूर्वकको वा वेरितको भएको जांची वेरितको देखिए वदर गरी पून: रितपूर्वक तामेल गराउने,"

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२३

"(ज१) मूलुकी ऐन अदालती वन्दोवस्तको १७१ क. नं अनुसार सम्पत्ति रोक्का गरी पाउं भन्ने निवेदन उपर कानून बमोजिम निकासा दिने ।"

४. मूल नियमावलीको नियम १३ग. मा संशोधन: मूल नियमावलीको नियम १३ ग. को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) आफूलाई काम गर्न तोकिएको शाखामा मातहत कर्मचारीहरुबाट हुने काम कारवाहीको प्रत्यक्ष निरीक्षण, नियन्त्रण र अनुगमन गरी आफू कार्यरत शाखाको काम कारवाहीप्रति जवाफदेही हुने ।"

५. मूल नियमावलीको नियम १३घ. मा संशोधन: मूल नियमावलीको नियम १३घ. को सट्टा देहायको १३घ. राखिएको छ:-

"१३घ. अन्य कर्मचारीहरुको काम, कर्तव्य र अधिकार: आफूलाई काम गर्न खटाइएको शाखामा नियमित रुपमा गर्नु पर्ने कामका अतिरिक्त माथिल्लो अधिकारी वा शाखा प्रमुख वा रजिष्ट्रारबाट तोकिदिए बमोजिमको कामहरु गर्नु अन्य कर्मचारीको कर्तव्य हुनेछ ।"

६. मूल नियमावलीमा नियम १३ङ. र १३ च. थप: मूल नियमावलीको नियम १३घ. पछि देहायका नियम १३ङ. र १३च. थपिएका छन्:-

"१३ङ. काम कारवाहीको उत्तरदायित्व र जवाफदेही: (१) यस नियमावली अन्तर्गत काम, कर्तव्य र अधिकार तोकिएका कर्मचारीहरु आफूले गरेको काम कारवाहीको लागि आफ्नो निकटस्थ माथिल्लो अधिकारीप्रति जवाफदेही हुनेछन् र आफूले गरेको सम्पूर्ण कामको पूर्ण उत्तरदायित्व निजमा रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२४

(२) यस नियमावलीअनुसार अधिकार प्राप्त अधिकारीले दिएको आदेश वा निर्देशन पालन नगर्ने वा तोकेको काम नगर्ने कर्मचारी उपर त्यस्तो आदेश, निर्देशन दिने वा काम तोक्ने अधिकारीले आवश्यक विभागीय कारवाही गर्न सिफारिश गर्न सक्नेछ र त्यस्तो पालना नगरेको देखिएमा प्रचलित कानूनबमोजिम विभागीय कारवाही हुनेछ ।

१३च. उजूरी दिन सक्ने: मुद्दा मामिलाको कारवाहीको सिलसिलामा रजिष्ट्रारले दिएको आदेशमा चित्त नबुझ्ने पक्षले आदेश दिएको मितिले पन्ध्र दिन भित्र इजलास समक्ष उजूरी दिन सक्नेछ ।"

७. मूल नियमावलीको नियम १६ मा संशोधन: मूल नियमावलीको नियम १६ को उपनियम (१) को खण्ड (ख) मा रहेको "थाहा भएसम्म निजको" भन्ने शब्दहरु पछि "प्रत्यर्थीको घर/ब्लक न., निज कुनै कार्यालय वा संस्थामा कार्यरत भएमा त्यस्तो कार्यालय वा संस्थाको नाम, वतन, निजको पद तथा" भन्ने शब्दहरु थपिएका छन् ।

८. मूलनियमावलीको नियम ३६ पछि नियम ३६क. थप : मूल नियमावलीको नियम ३६ पछि देहायको नियम ३६क. थपिएको छ:-

"३६क. म्याद तारेख थमाउने सम्बन्धी व्यवस्था: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद अन्तर्गत दिइएका निवेदनपत्रबाट कारवाही भएका मुद्दामा मनासिव कारणबाट म्याद तारेख गुज्रेको देखिएमा म्याद र तारेख दुवै गरेर वन्दी प्रत्यक्षीकरणको मुद्दा भए एक पटकमा बढीमा सात दिन सम्मको र अन्य मुद्दा भएमा एक पटकमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

बढीमा पैंतीस दिन सम्मको म्याद तारेख थमाई दिन सकिनेछ ।

९. मूल नियमावलीको नियम ४७ मा संशोधन: मूल नियमावलीको नियम ४७ को उप नियम (१) मा रहेको "एक रुपैयांको" भन्ने शव्दहरुको सट्टा "दश रुपैयाको" भन्ने शव्दहरु राखिएका छन् ।

१०. मूल नियमावलीको नियम ४८ मा संशोधन: मूल नियमावलीको नियम ४८ मा रहेका "रु.१।-" भन्ने शव्दहरुको सट्टा "दश रुपैया" भन्ने शव्दहरु राखिएका छन् ।

११. मूल नियमावलीको नियम ५१ मा संशोधन: मूल नियमावलीको नियम ५१ को उपनियम (३) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) र (ग२) थपिएको छ:-

"(ग१) महिला, बालबालिका, वृद्ध तथा अशक्त एवं असहाय व्यक्ति वादी भएको मुद्दा,

(ग२) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दा,"

१२. मूल नियमावलीको नियम ५३ मा थप: मूल नियमावलीको नियम ५३ को उप नियम (२) पछि देहायको उप नियम (३) थपिएको छ:-

(३) उप नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राथमिकता प्राप्त मुद्दा, एकै पक्षबाट एक भन्दा बढी कानून व्यवसायी मुकरर भएको मुद्दा, हेर्दा हेर्दै स्थगित रहेको मुद्दा, दुई पटक स्थगित भइसकेको मुद्दा र प्रचलित कानून बमोजिम फैसला गर्नुपर्ने अवधि नाघेको मुद्दा सामान्यतया स्थगित हुने छैन ।"

१३ मूल नियमावलीको नियम ५३ पछि नियम ५३क. थप: मूल नियमावलीको नियम ५३ पछि देहायको नियम ५३क. थपिएको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५३क. मिलापत्रको व्यवस्था: (१) दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश भएका मुद्दामा सुनुवाई हुनु अगावै मिलापत्र गर्ने समय पाउं भनी दूवै पक्षले संयुक्त निवेदन दिएमा वा मुद्दाको सुनुवाई शुरु भई वहस, छलफल भै सकेपछि पनि मिलापत्र हुन सक्ने सम्भावना छ भन्ने मुद्दा हेर्ने न्यायाधीशलाई लागेमा मिलापत्र गर्न अर्को तारिख तोक्ने गरी आदेश गर्न सक्नेछ ।

(२) मिलापत्र गर्न तोकिएको तारेखका दिन मुद्दाका पक्षहरु, कानून व्यवसायी भए कानून व्यवसायी र मुद्दाका पक्षहरुले आफूले पत्याएको व्यक्ति ल्याए निजलाई समेत राखी यथासम्भव मिलापत्र गर्न तारेख तोक्ने आदेश गर्ने न्यायाधीशले छलफल गराई दुवै पक्ष सहमत भए मिलापत्र गराइ दिनुपर्छ । सहमत हुन नसके सोही व्यहोराको आदेश गरी अर्को पेशी तोकी कानून बमोजिम फैसला गरिदिनु पर्छ ।"

१४. मूल नियमावलीको नियम ५४ मा संशोधन: मूल नियमावलीको नियम ५४ को सट्टा देहायको नियम ५४ राखिएको छ:-

"५४ वहस: (१) मुद्दाको वहस सुनवाईको प्रारम्भमा ईजलाशले त्यस मुद्दामा निर्णय गर्नु पर्ने प्रश्नहरुमा सिमित रही वहस गर्न दुवै पक्षका कानून व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।

(२) मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलाशले वहसको समय तोक्न सक्नेछ । यसरी समय तोकिएकोमा तोकिएको समय भित्र सिमित भई कानून व्यवसायीले वहस गर्नु पर्नेछ ।

(३) सुनवाईको लागि पेशी तोकिएको मुद्दामा पक्षले वा पक्षको कानून व्यवसायीले वहस नोट पेश गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

चाहेमा इजलाशले वहसनोट पेश गर्ने समय तोकिदिनु पर्नेछ र कानून व्यवसायीले पनि सोही समयभित्र वहस नोट पेश गर्नु पर्नेछ ।

(४) कुनै मुद्दामा एकभन्दा बढी कानून व्यवसायीहरुको वकालतनामा पेश भएकोमा इजलाशले कानून व्यवसायीहरु मध्येबाट एक जना कानून व्यवसायीले प्रमुख कानून व्यवसायीको रुपमा बहस गर्ने तथा अन्य कानून व्यवसायीहरुले अलग अलग तथ्यगत र कानूनी प्रश्नमा वहस गर्ने गरी वहस व्यवस्थापन गर्न निर्देशन दिन सक्नेछ ।

(५) उप नियम (१), (२), (३) र (४) बमोजिम इजलाशले समय तोकेकोमा वा निर्देशन दिएकोमा सो अनुसार गर्नु सम्बन्धित कानून व्यवसायीको कर्तव्य हुनेछ ।"

१५. मूल नियमावलीको नियम ८९ मा संशोधन: मूल नियमावलीको नियम ८९ मा "वा धरौटी राख्नु पर्ने भएमा" भन्ने शब्दहरु पछि रहेका "अनुसूची १०" भन्ने शब्दहरुको सट्टा "अनुसूची १०(क)" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल नियमावलीको नियम ९९ मा थप : मूल नियमावलीको नियम ९९ को उप नियम (२) पछि देहायको उप नियम (३) थपिएको छ ।

"(३) मुख्य न्यायाधीश तथा अन्य न्यायाधीशले सम्पादन गरेको कार्यको दैनिक कार्य विवरण अद्यावधिक गरि राख्नु पर्नेछ । यसरी राखिएको विवरण प्रत्येक महिनामा मुख्य न्यायाधीशले आफ्नो हकमा समेत प्रमाणित गरी न्यायपरिषद् सचिवालय तथा सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।"

१७. मूल नियमावलीमा नियम १०१क. र १०१ख. थप: मूल नियमावलीको नियम १०१ पछि देहायको नियम १०१क. र १०१ख. थपिएको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

"१०१क. मिसिलको आन्तरिक निरीक्षण गर्ने: वर्षमा कम्तिमा दुई पटक रजिष्ट्रार वा निजले तोकेको अधिकृतद्वारा अनुसूची ११ मा तोकिएको ढांचामा मिसिलको आन्तरिक निरीक्षण गर्नु पर्नेछ ।

१०१ख. म्याद तामेलीको अभिलेख: (१) अदालतबाट जारी गरिएको म्यादहरुको अभिलेख प्रत्येक तामेलदार पिच्छे अलग अलग रुपमा देखिने गरी अनूसुची १२ मा तोकिएको ढांचामा राखी आवश्यक कारवाही गर्नु पर्नेछ ।

(२) तामेली गर्न पठाइएको म्याद तामेलदारले बुझिलिएको मितिले बाटाको म्याद बाहेक पन्ध दिन भित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उप नियम (२) बमोजिमको अवधि भित्र म्याद तामेल गर्न नसकेको मनासिव कारण देखाउन नसकेमा त्यस्तो तामेलदार उपर प्रचलित कानून बमोजिम विभागीय कारवाही गरिनेछ ।

(४) कुनै व्यक्तिका नाममा तामेल गर्नु पर्ने म्याद सूचना तामेल गर्न आवश्यकता अनुसार पक्षको सहयोग लिन सकिनेछ र यसरी सहयोग मागेमा म्याद तामेलीमा आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।"

१८. मूल नियमावलीको नियम १११ मा संशोधन: मूल नियमावलीको नियम १११ को उपनियम (२) मा रहेको "पूर्वाध साढे दश बजे देखि" भन्ने शब्दहरुको सट्टा "कार्यालय समय शुरु भएको आधा घण्टा पछि" भन्ने शब्दहरु राखिएका छन् ।

१९. मूल नियमावलीमा नियम ११२क. थप: मूल नियमावलीको नियम ११२ पछि देहायको नियम ११२क. थपिएको छ:-

"११२क. अदालत व्यवस्थापन समिति: (१) अदालतमा रहेका मुद्दा मामिला, इजलाश व्यवस्थापन, अभिलेख सूचना, भौतिक तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वित्तीय स्रोत जस्ता विषयहरुमा आवश्यक अध्ययन गरी व्यवस्थापन गर्न देहाय बमोजिमको अदालत व्यवस्थापन समिति रहनेछ ।

(क) मुख्य न्यायाधीश ....अध्यक्ष

(ख) मुख्य न्यायाधीशले तोकेको दुई जना न्यायाधीश..सदस्य

(ग) पुनरावेदन सरकारी वकिल कार्यालयको सह न्यायाधिवक्ता...सदस्य

(घ) रजिष्ट्रार...सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित अदालतको बार इकाईको अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उप नियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

२०. रुपान्तर: मूल नियमावलीको नियम ६९ मा रहेको "इजलाश सहायक" भन्ने शब्दलाई "शाखा प्रमुख", नियम ७४, ७६, ७७, ८३, ८९ र ९१ मा रहेका "सुपरिण्टैडेण्ट" भन्ने शब्दहरुलाई "शाखा प्रमुख", र नियम ९० मा रहेको "लगत नगदी शाखा" भन्ने शब्दहरुलाई " आर्थिक प्रशासन शाखा" भनी रुपान्तर गरिएको छ ।

२१. मूल नियमावलीको अनुसूचीमा संशोधन : (१) मूल नियमावलीको अनुसूची ७ को सट्टा यसैसाथ संलग्न अनुसूची ७ राखिएको छ ।

(२) अनुसूची १० पछि यसैसाथ संलग्न अनुसूची १०(क), अनुसूची ११ र अनुसूची १२ थप गरिएका छन् ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ७
(नियम ७२ (१) संग सम्बन्धित)
पुनरावेदन अदालतमा चढाएको
नक्कलको निवेदन पत्र

सम्वत्..................सालको.........................नं.......
मुद्दा............
....निवेदक
पुनरावेदक/वादी/प्रत्यर्थी/प्रतिवादी

विरुद्ध

.........................पुनरावेदक/वादी/प्रत्यर्थी/प्रतिवादी

म निवेदक निम्न बमोजिमको लिखत / लिखतहरुको नक्कल अड्डाकै / आफ्नै तर्फबाट सारी लिन पांउ भनी नियम बमोजिमको दस्तुर साथै राखी निवेदन गर्दछु ।

नक्कल माग गरेको लिखत / लिखतहरु

....
....
....

यसमा लेखिएको व्यहोरा ठीक छ झुट्टा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

द...............
निवेदक

इति...सम्वत्

(अदालतको प्रयोजनका लागि)

निवेदन दर्ता नं. निवेदन दस्तुर (साधारण / जरुरी) :रु. ....
दर्ता मिति : नक्कल दस्तुर प्रति पाना
रसिद नं. रु....... का दरले पाना .... को जम्मा रु

जम्मा दस्तुर रु..............

फांटवालाको दस्तखत:

द...............................

प्रमाणित गर्ने अधिकृत

माग वमोजिमको नक्कल वुझिलिए
द ....
निवेदक "

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १०(क)
(नियम ८९ संग सम्बन्धित)
नगदी धरौट दाखिलको

चलानी

१. नगदी धरौट राख्नु परेको मुद्दाको साल, किसिम, नम्बर र नाम
२. पक्षहरुको नाम..............................वादी निवेदक
प्रतिवादी

विरुद्ध

....प्रतिवादी विपक्षी
प्रत्यर्थी

३. जसका तर्फबाट नगदी धरौटी राख्न ल्याएको हो, त्यस व्यक्तिको नाम,थर,वतन...
४. कुन किसिमको धरौट हो........................ ....
५. दाखिल गर्न ल्याउने व्यक्तिको नाम,थर वतन.....................

लेखापालको मेमो	मुद्दामा कानून व्यवसायी राखिएको भए
धरौटी..............................	निजको सही..................................
धरौटी..............................	लाइसेन्स नम्बर................................
शाखा प्रमुख	रकम दाखिल गर्न ल्याउने व्यक्तिको सही.....
	लेखापाल ....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ११
(नियम १०१क. संग सम्बन्धित)
मिसिलको आन्तरिक निरीक्षण फाराम
<u>पुनरावेदन अदालत</u>

सम्वत २०.... सालको दा.नं......

निवेदक /वादी:.....

<u>विरुद्ध</u>

प्रत्यर्थी /प्रतिवादी:....

मुद्दा:....

क्र.सं	निरीक्षण कर्ताको नाम	निरीक्षण गरेको मिति	मिसिलमा त्रुटि भए नभएको संक्षिप्त व्यहोराको टिप्पणी	दिइएको निर्देशन	कैफियत
१ सुपरिवेक्षक					
२ पुनरावलोकन कर्ता					
३. निरिक्षक					

द्रष्टव्य -१
(क) सुपरिवेक्षक भन्नाले शाखा प्रमुखलाई जनाउने छ ।
(ख) पुनरावलोकनकर्ता भन्नाले रजिष्ट्रार वा निजबाट तोकिएको कर्मचारीलाई जनाउनेछ ।
(ग) निरीक्षक भन्नाले निरीक्षण गर्न खटिएको न्यायाधीशलाई जनाउनेछ ।

द्रष्टव्य -२ सुपरिवेक्षक, पुनरावलोककर्ता एवं निरीक्षकले सुपरिवेक्षण, पुनरावलोकन वा निरीक्षणको क्रममा ध्यान दिनु पर्ने मुख्य पक्षहरु:

क. ऐन नियमले निर्दिष्ट गरे बमोजिमको काम कारवाही समयमा सम्पन्न भएको छ,छैन ।
ख. आदेश अनुसारको काम कारवाही समयमा भएको छ, छैन ।
ग. म्याद तामेली वा म्याद तारेखहरु मिलेको छ, छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२३

घ. अंग पुगी सकेपछि मुद्दा पेशी चढाइएको छ, छैन ।
ङ मिसिलमा हुनु पर्ने कागजातहरु अध्यावधिक छ,छैन ।
च. एउटै त्रुटी पटक पटक दोहोरिएको छ,छैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १२

(नियम १०१ख. संग सम्बन्धित)

म्याद तामेली सम्वन्धी कार्यको अभिलेख

फाराम

तामेलदार: श्री ....

क.सं	मुद्दाको द.नं र दायरी मिति	वादी प्रतिवादी को नाम थर वतन	मुद्दाको नाम	फांट वाला	म्याद तामेल गर्नु पर्ने व्यक्ति को नाम थर वतन	म्याद जारी भएको मिति	तामेलदार ले म्याद बुझेको मिति र दस्तखत	तामेल गरेको मिति	फांटवाल ले बुझेको मिति र दस्तखत	म्याद वेरित भए कारण र कैफियत	रित वेरित प्रमाणित गर्नेको दस्तखत र मिति	पुन: तामेल गर्न पठाएको मा सोको विवरण	कैफियत

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ३

जिल्ला अदालत (पहिलो संशोधन) नियमावली, २०५६

जिल्ला अदालत नियमावली, २०५२ लाई संशोधन गर्न बान्छनीय भएकोले, न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "जिल्ला अदालत (पहिलो संशोधन) नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. जिल्ला अदालत नियमावली, २०५२ (यस पछि मूल नियमावली भनिएको) को नियम ४ पछि नियम ४क. थप: मूल नियमावलीको नियम ४ पछि देहायको नियम ४क. थपिएको छ:-

"४क. अदालत व्यवस्थापन समिति: (१) अदालतमा रहेका मुद्दा मामिला, इजलाश, अभिलेख सूचना, भौतिक तथा वित्तीय स्रोत जस्ता बिषयहरुमा आवश्यक अध्ययन गरी व्यवस्थापन गर्न देहाय बमोजिमको अदालत व्यवस्थापन समिति रहनेछ:-

(क) न्यायाधीश - अध्यक्ष

(ख) एक भन्दा बढी न्यायाधीश भएका अदालतमा दोस्रो वरिष्ठतम न्यायाधीश - सदस्य

(ग) जिल्ला सरकारी वकिल कार्यालयको जिल्ला न्यायाधिवक्ता वा सो नभएको स्थानमा पुनराबेदन सरकारी वकिल कार्यालयको सो सरहको एक जना अधिकृत - सदस्य

(घ) तहसीलदार - सदस्य

(ङ) श्रेस्तेदार - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित अदालतको बार इकाईको अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उप नियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>मूल नियमावलीको नियम ७ मा संशोधन:</u> मूल नियमावलीको नियम ७ को,-

(१) उप नियम (१) को खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छ:-

"(त) नियम बमोजिम काम तोकिएका कर्मचारी लगायत अन्य कर्मचारीहरुमा कार्यबोझको अनुपात संभव भएसम्म मिल्ने गरी काम बांडफांड गरिदिने ।"

(२) उप नियम (१) को खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छ:-

"(न) अदालतका कर्मचारीहरुको बिदाको अभिलेख राख्ने, कामको मूल्यांकन गर्ने, प्रोत्साही पुरस्कार प्रदान गर्ने तथा प्रचलित कानून बमोजिम विभागीय सजायको सम्बन्धमा आवश्यक कारबाही गर्ने ।"

(३) उपनियम (१) को खण्ड (म) पछि देहायको खण्ड (य) र (र) थपिएका छन्:-

"(य) जिल्ला न्यायाधीशको सामान्य निर्देशन तथा नियन्त्रण अन्तर्गत रही अदालतको आर्थिक प्रशासन संचालन गर्ने तथा अदालतको सम्पूर्ण काम कारबाहीको रेखदेख, सुपरिबेक्षण र नियन्त्रण गर्ने,

<u>स्पष्टीकरण:</u> यस खण्ड अन्तर्गतको आर्थिक प्रशासन सम्बन्धी अधिकार अधिकृतस्तरको सेस्तेदारले मात्र प्रयोग गर्न सक्नेछ ।

(र) मुद्दाका पक्ष र साक्षीहरुलाई यस नियमावली एवं प्रचलित कानूनको अधीनमा रही समाह्वान, इतलायनामा, म्यादी पूर्जी, म्याद वा सूचना जारी गर्ने, तामेल भई आएको म्याद रितपूर्वक भएको वा बेरित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२६

भएको जांची वेरीतको देखिए बदर गरी पुन: रीतपूर्वक तामेल गराउने ।"

(४) उप नियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ:-

"(१क) श्रेस्तेदारले न्यायाधीशको अनुपस्थितिमा श्री ५ को सरकार बादी हुने फौजदारी मुद्दाहरुमा कानून बमोजिम तहकिकात गर्ने सिलसिलामा अभियुक्तलाई प्रहरी हिरासतमा राख्न म्याद थप दिने बिषयमा निकासा दिन सक्नेछ ।"

(५) उप नियम (५) को सट्टा देहाय बमोजिमको उप नियम(५) राखिएको छ:-

"(५) यस नियमावली बमोजिम श्रेस्तेदारले गर्नु पर्ने कामहरु निजको अनुपस्थितिमा निजभन्दा मुनिको बरिष्ठ कर्मचारीले गर्नेछ ।"

४. मूल नियमावलीको नियम ८ मा संशोधन: मूल नियमावलीको नियम ८ को उप नियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ:-

"(३) तहसिलदारको अनुपस्थितिमा निजले गर्नु पर्ने कामहरु न्यायाधीशले तोकेको कर्मचारीले गर्नेछ ।"

५. मूल नियमावलीको नियम १९ मा संशोधन: मूल नियमावलीको नियम १९ को खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छ:-

"(ठ) घर जग्गा सम्बन्धी मुद्दामा आंशिक रुपमा मात्र दावी गरी फिराद गरेको भए त्यस्तो दावी गरिएको जग्गाको चार किल्ला र अन्य आवश्यक विवरण ।"

६. मूल नियमावलीको नियम २२ मा संशोधन: मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ:-

"२२. समाव्हान वा इतलायनामा तामेल गराउने: फिराद दर्ता भएपछि श्रेस्तेदारले प्रतिवादीलाई समाव्हान वा इतलायनामा वा म्याद पठाउने आदेश उसै दिन गरी तीन दिन भित्र तामेल गराउनका लागि सम्बन्धित फांटमा पठाई दिनुपर्छ ।"

७. मूल नियमावलीको नियम २३ मा संशोधन: मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ:-

"२३ तामेली आएपछि गर्नु पर्ने कारवाही: समाव्हान वा इतलायनामाको तामेली आएपछि श्रेस्तेदारले रीतपूर्वक तामेल भएको छ वा छैन हेरी आवश्यक भए फांटवालाको प्रतिवेदन समेत लिइ रीतपूर्वक वा वेरीतका जांची वेरीतको देखिए बदर गरी पुन: रितपूर्वक तामेल गर्न लगाइ रीतपूर्वकको तामेली प्रति मिसिल साथ राखी पेश गर्नु पर्दछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४३८

८. मूल नियमावलीको नियम २३ पछि नियम २३क. थप: मूल नियमावलीको नियम २३ पछि देहायको नियम २३क. थपिएको छ:-

"२३क. प्रतिउत्तर पत्र लिने: (१) जारी भएको समाह्वान वा इतलायनामामा तोकिएको म्याद भित्र प्रतिउत्तर पत्र दिन ल्याए श्रेस्तेदारले रीतपूर्वक भए वा नभएको जांची रीतपूर्वकको भए प्रतिउत्तर दर्ता गरी मिसिल सामेल राखी इजलाश समक्ष पेश गर्नु पर्दछ ।

(२) प्रतिउत्तरपत्र दिंदा अनुसूची ४(क) को ढांचामा दिनु पर्दछ ।"

९. मूल नियमावलीको नियम ३३ मा संशोधन: मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छ:-

"३३. बहस: (१) मुद्दाको बहस सुनवाईको प्रारम्भमा ईजलाशले त्यस मुद्दामा निर्णय गर्नु पर्ने प्रश्नहरुमा सिमित रही बहस गर्न दुबै पक्षका कानून व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।

(२) मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलाशले बहसको समय तोक्न सक्नेछ । यसरी समय तोकिएकोमा तोकिएको समयभित्र सिमित भई कानून व्यवसायीले बहस गर्नु पर्नेछ ।

(३) सुनबाईको लागि पेशी तोकिएको मुद्दामा पक्षले वा पक्षको कानून व्यवसायीले बहस नोट पेश गर्न चाहेमा इजलाशले बहश नोट पेश गर्नुपर्ने समय तोकिदिनु पर्नेछ ।

(४) कुनै मुद्दामा एकभन्दा बढी कानून व्यवसायीहरुको वकालतनामा पेश भएकोमा इजलाशले कानून व्यवसायीहरु मध्येबाट एक जना कानून व्यवसायीले प्रमुख कानून व्यवसायीको रुपमा बहस गर्ने तथा अन्य कानून व्यवसायीहरुले अलग अलग तथ्यगत र कानूनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न निर्देशन दिन सक्नेछ ।

(५) उप नियम (१),(२),(३) र(४) बमोजिम इजलाशले निर्देशन वा समय तोकेकोमा दिएको समयमा सो अनुसार गर्नु सम्बन्धित कानून व्यवसायीको कर्तव्य हुनेछ ।"

१०. मूल नियमावलीको नियम ३६ खारेज: मूल नियमावलीको नियम ३६ खारेज गरिएको छ ।

११. मूल नियमावलीको नियम ५६ मा संशोधन: मूल नियमावलीको नियम ५६ को उप नियम (१) मा रहेको मुद्दासंग सम्बन्धित पक्ष विपक्ष वा भन्ने शब्द पछि रहेका "सो मुद्दाको" भन्ने शब्दहरुको सट्टा "मुद्दाको सरोकारवाला व्यक्ति वा कानून व्यवसायीले" भन्ने शब्दहरु राखिएका छन् ।

१२. मूल नियमावलीको नियम ७० मा संशोधन: मूल नियमावलीको नियम ७० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) तहसिल शाखाले अन्तिम फैसला बमोजिम दण्ड, जरिबाना, कैद वा सरकारी बिगो असूल गर्नु पर्ने व्यक्ति रहे बसेको ठांउमा प्रत्येक वर्ष कम्तीमा दुई पटक असूल तहसिल कार्यका लागि डोर खटाउनु पर्छ र त्यसरी खटिएका डोरले असूल गर्न नसकेका बांकीबालालाई पक्री ल्याउनु पर्छ ।"

१३. मूल नियमावलीको नियम ८० मा संशोधन: मूल नियमावलीको नियम ८० पछि देहायको नियम ८०क. थपिएको छ:-

"८०क. फैसला कार्यान्वयन गर्न बाधा नपर्ने: कुनै मुद्दामा ऐनको दफा ११ र १२ अन्तर्गत पुनरावलोकन गरी हेरी पाउं वा दोहोऱ्याइ पाउं भन्ने निवेदन परी मुद्दा चलिरहेको भए तापनि पुनरावेदन तहको अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सोही कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसला बमोजिम फैसला कार्यान्वयन गर्न बाधा पर्ने छैन ।"

१४. मूल नियमावलीको नियम ९२ पछि नियम ९२क. थप: मूल नियमावलीको नियम ९२ पछि देहायको नियम ९२क. थपिएको छ:-

"९२क. काम कारबाहीको प्रतिवेदन: (१) अदालतले प्रत्येक न्यायाधीशले छिनेका मुद्दाहरु, अदालतमा दायर रहेका र छिन्न बांकी मुद्दाहरुको विवरण सहितको मासिक प्रतिवेदन अर्को महिनाको मसान्तभित्र न्यायपरिषद् सचिवालय, सम्बन्धित पुनरावेदन अदालत एवं सर्वोच्च अदालतमा पठाउनु पर्दछ ।

(२) आर्थिक वर्ष समाप्त भएपछि श्रावण पन्ध्र गतेभित्र अदालतले देहायका कुराहरु खुलाई न्यायपरिषद् सचिवालय, सम्बन्धित पुनरावेदन अदालत र सर्वोच्च अदालतमा वार्षिक प्रतिवेदन पठाउनु पर्दछ:-

(क) न्यायाधीशको नाम, थर, योग्यता, उमेर र सो अदालतमा काम गरेको अवधि तथा प्रतिवेदन अबधिभरमा निजहरुको उपस्थिति र विदाको तथ्याङ्क र सो अवधिभित्र गरेको कामको संक्षिप्त विवरण,

(ख) अदालतमा काम गर्ने अधिकृतहरुको नामावली, पद र योग्यता,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिवेदनको वर्ष र त्यसको अघिल्लो दुई वर्षभित्र अदालतमा परेका छिनिएका र छिन्न बांकी मुद्दाको तुलनात्मक विवरण,

(घ) मुद्दा छिटो छरितो किसिमले टुंगिन जानेतर्फ प्रतिवेदन अवधिभर प्रगति भए नभएको व्यहोरा, त्यसको कारण र तत्सम्बन्धमा भएको कुनै सुझाव,

(ङ०) अदालतको सुधारको सम्बन्धमा अन्य सुझाव,

(३) जिल्ला न्यायाधीश तथा अतिरिक्त न्यायाधीशले दैनिक रुपमा सम्पादन गरेको कार्यको दैनिक कार्यविवरण अद्यावधिक राख्नु पर्नेछ । यसरी राखिएको विवरण प्रत्येक महिनामा जिल्ला न्यायाधीशले आफ्नो हकमा समेत प्रमाणित गरी न्यायपरिषद् सचिवालय एवं सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।"

१५. मूल नियमावलीको नियम ९३ मा संशोधन: मूल नियमावलीको नियम ९३ को सट्टा देहायको नियम ९३ राखिएको छ:-

"९३ अदालतको काम कारवाही नियमित गर्ने: अदालतमा रहेका मुद्दा मामिला, प्रशासन तथा फैसला कार्यान्वयन लगायतका काम कारवाही प्रचलित कानून तथा समय समयमा हुने माथिल्लो अदालतको निरीक्षण वमोजिम भए वा नभएको हेरी सो अनुसार गर्न निर्देशन दिने जिम्मेवारी जिल्ला न्यायाधीश र निजको अनुपस्थितिमा वरिष्ठतम न्यायाधीशको हुनेछ ।"

१६. मूल नियमावलीमा नियम ९३क. र ९३ख. थप: मूल नियमावलीको नियम ९३ पछि देहायको ९३क. र ९३ख. थप गरिएको छ ।

"९३क. म्याद तामेलीको अभिलेख: अदालतवाट जारी गरिएको म्यादहरुको अभिलेख प्रत्येक तामेलदार पिच्छे अलग अलग रुपमा देखिने गरी अनूसुची ११ मा तोकिएको ढांचामा राखी आवश्यक कारवाही गर्नु पर्नेछ ।"

९३ख. मिसिलको आन्तरिक निरीक्षण गर्ने न्यायाधीश वा स्रेस्तेदारले वा न्यायाधीशले तोकेको अधिकृतद्वारा वर्षमा कम्तिमा दुई पटक अनूसुची १२ मा तोकिएको ढांचामा मिसिलको आन्तरिक निरीक्षण गर्नु पर्नेछ ।"

१७. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीको-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) अनुसूची ४ पछि यसै साथ संलग्न अनुसूची ४(क) राखिएको छ ।

(२) अनुसूची ८ को सट्टा यसैसाथ संलग्न अनुसूची ८ राखिएको छ ।

(३) अनुसूची १० पछि यसै साथ संलग्न अनुसूची ११ र अनुसूची १२ थपिएका छन् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ४(क)
(नियम २३क संग सम्बन्धित)
............जिल्ला अदालतमा पेश गरेको
<u>प्रतिउत्तर पत्र</u>

सम्वत् .... सालको देवानी/फौजदारी /बिबिध/ नं.......
........................बस्ने श्री........................ प्रतिबादी

<u>बिरुद्ध</u>

........................बस्ने श्री....................................बादी

मुद्दा......

उल्लेखित मुद्दामा बादीले आफ्नो फिरादपत्र उजूरीको प्रकरण प्रकरणमा दाबी गरेको विषयहरुका सम्बन्धमा ....म्यादभित्रै प्रस्तुत प्रतिउत्तर पत्र लिइ उपस्थित भएको छु ।

१. वादीले दावी गरेका विषयहरुका सम्बन्धमा मेरो भएको यथार्थ ब्यहोरा निम्न प्रकरणहरुमा खुलाएको छुः-

....
....
....
....

२. नियम अनुसार लाग्ने दस्तुर समेत यसैसाथ बुझाउन ल्याएको छु ।
३. हाल कानून व्यवसायीलाई नियुक्ति गरेको छु / छैन ।
४. उल्लेखित ब्यहोराको साक्षी प्रमाण तपसिल बमोजिम छ ।

(क) <u>साक्षी</u>
-
-

(ख) <u>कागज</u>
-
-

(ग) <u>अन्य सम्बद्ध प्रमाण भए</u>
- फलाना मितिको फलाना ब्यहोराको कागज फलाना ठाउंमा छ ।
- ...

५ यसमा लेखिएको ब्यहोरा ठीक सांचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

....
दस्तखत
फलाना ठाउं बस्ने (साबिक र हालको समेत पुरा बतन) फलानाका नाति फलानाको छोरा बर्ष... को फलाना

ईति सम्बत् ....साल ...महिना...... गते रोज शुभम्----

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४४२

अनुसूची ८
(नियम ५५(१) संग सम्बन्धित)
जिल्ला अदालतमा चढाएको
नक्कलको निबेदन पत्र

सम्वत्....................सालको....................नं....................

मुद्दा..........

....निबेदक
बादी/ /प्रतिबादी

बिरुद्ध

....बादी/ /प्रतिबादी

म निबेदक निम्न बमोजिमको लिखत / लिखतहरुको नक्कल अदालतले / आफ्नै तर्फबाट सारी लिन पाउं भनी नियम बमोजिमको दस्तुर साथै राखी निवेदन गर्दछु ।

नक्कल माग गरेको लिखत / लिखतहरु

....
....
....

यसमा लेखिएको ब्यहोरा ठीक छ झुट्टा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

द..............
निबेदक

इति..सम्वत्

(अदालतको प्रयोजनका लागि)

निवेदन दर्ता नं. निवेदन दस्तुर (साधारण / जरुरी) :रु. ..
दर्ता मिति : नक्कल दस्तुर प्रति पाना
रसिद नं. रु...का दरले पाना ...को जम्मा रु .....

जम्मा दस्तुर रु..............

....
फांटबालाको दस्तखत:

द..............................

प्रमाणित गर्ने अधिकृत

माग बमोजिमको नक्कल बुझिलिएं

द ....
निवेदक "

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४४

अनुसूची- ११
(नियम ९३क. संग सम्बन्धित)
मिसिलको आन्तरिक निरीक्षण फाराम
<u>जिल्ला अदालत</u>

सम्वत् २०.... सालको दा.नं......

निवेदक /बादी:.....

<u>विरुद्ध</u>

प्रत्यर्थी /प्रतिवादी::...

मुद्दा:....

क.सं	निरीक्षण कर्ताको नाम	निरीक्षण गरेको मिति	मिसिलमा त्रुटि भए नभएको संक्षिप्त व्यहोराको टिप्पणी	दिइएको निर्देशन	कैफियत
१ सुपरिवेक्षक					
२ पुनरावलोकन कर्ता					
३. निरिक्षक					

द्रष्टव्य- १

(क) सुपरिवेक्षक भन्नाले शाखा प्रमुखलाई जनाउने छ ।

(ख) पुनरावलोकन कर्ता भन्नाले श्रेस्तेदार वा निजबाट तोकिएको कर्मचारीलाई जनाउनेछ ।

(ग) निरीक्षक भन्नाले निरीक्षण गर्न खटिएको न्यायाधीशलाई जनाउनेछ ।

द्रष्टव्य- २

सुपरिवेक्षक, पुनरावलोकनकर्ता, निरिक्षकले सुपरिवेक्षण, पुनरावलोकन वा निरीक्षणको क्रममा ध्यान दिनु पर्ने मुख्य पक्षहरु:-

क. ऐन नियमले निर्दिष्ट गरे बमोजिमको काम कारबाही समयमा सम्पन्न भएको छ,छैन ।

ख. आदेश अनुसारको काम कारबाही समयमा भएको छ, छैन ।

ग. म्याद तामेली वा म्याद तारेखहरु मिलेको छ, छैन ।

घ. अंग पुगी सकेपछि मुद्दा पेशी चढाइएको छ, छैन ।

ङ मिसिलमा हुनु पर्ने कागजातहरु अद्यावधिक छ,छैन ।

च. एउटै त्रुटी पटक पटक दोहोरिएको छ,छैन ।

छ. कोर्टफी लिएको छ, छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १२
(नियम ९३(ख) संग सम्बन्धित)
म्याद तामेली सम्बन्धी कार्यको अभिलेख
फाराम

तामेलदार: श्री ....

क.सं	मुद्दाको द.नं र दायरी मिति	बादी प्रतिबादी को नाम थर बतन	मुद्दाको नाम	फांट वाला	म्याद तामेल गर्नु पर्ने व्यक्ति को नाम थर बतन	म्याद जारी भएको मिति	तामेलदार ले म्याद बुझेको मिति र दस्तखत	तामेल गरेको मिति	फांटवाल ले बुझेको मिति र दस्तखत	म्याद बेरीत भए कारण र कैफियत	रित बेरीत प्रमाणित गर्नेको दस्तख त र मिति	पुन: तामेल गर्न पठाएको मा सोको बिवरण	कैफियत

आज्ञाले,
निर्मलकुमार ढुंगाना
निमित्त रजिष्ट्रार
सर्वोच्च अदालत

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४६